# स्थानीय राजपत्र

बौंदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७, भाग २, संख्या ७, मिति २०८० चैत्र २१ गते


## भाग- २

## बौंदीकाली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय बौदीकाली, नवलपरासी सुस्ता पूर्व

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौंदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### कृषि ऋणको व्याजमा अनुदान कार्यक्रम सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना**

बौदीकाली गाउँपालिकाको कृषि क्षेत्रलाई सम्वृद्धिको आधार मानेको छ । पशुपालनमा आधारित दुग्ध उत्पादनलाई आधुनिकीकरण, व्यावसायिकीकरण, औद्योगिकीकरण गरी नागरिकको आय वृद्धि गर्न, रोजगारी श्रृजनाका लागि बौदीकाली गाउँपालिकाको कृषि व्यवसाय ऐन, २०७४ बमोजिम वार्षिक विकास कार्यक्रम अन्तर्गत बजेट भई कार्यान्वयनको लागि यस कृषि ऋणको व्याजमा अनुदान कार्यक्रम सम्बन्धी कार्यविधि, २०८० तयार गरी लागु गरिएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** १) यो कार्यविधिको नाम **"कृषि ऋणको व्याजमा अनुदान सम्बन्धी कार्यविधि, २०८०"** रहेको छ।यो कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "ऐन" भन्नाले बौदीकाली गाउँपालिकाको कृषि व्यवसाय ऐन, २०७४ सम्झनु पर्दछ।

ख. "गाउँपालिका" भन्नाले बौदीकाली गाउँपालिका सम्झनु पर्दछ।

ग. "कार्यपालिका" भन्नाले बौदीकाली गाउँपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

घ. "अध्यक्ष" भन्नाले बौदीकाली गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

ङ. "उपाध्यक्ष" भन्नाले बौदीकाली गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

च. "आर्थिक समिती" भन्नाले कृषि क्षेत्र समेत हेर्ने गरी कार्यपालिकाको निर्णयबाट गठित समिती सम्झनु पर्दछ।

छ. "संयोजक" भन्नाले आर्थिक विकास समितीको संयोजक सम्झनु पर्दछ।

ज. "वडा" भन्नाले बौदीकाली गाउँपालिकाका वडा कार्यालय सम्झनु पर्दछ।

झ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बौदीकाली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ञ. "अनुदान" भन्नाले यस कार्यविधि अन्तर्गत दिइने अनुदान सम्झनु पर्दछ।

ट. "छनौट समिती" भन्नाले ऋण लिने कृषक छनौट गर्न बनेको समिती सम्झनु पर्दछ।

ठ. "वित्तीय संस्था" भन्नाले कृषि ऋण प्रवाह गर्न तोकीएको बैंक, लघुवित्त तथा अन्य वित्तीय संस्था सम्झनु पर्दछ।

ड. "अनुगमन समिती" भन्नाले ऋण लिने कृषकको कामको अनुगमन गर्ने समिती सम्झनु पर्दछ।

**३. कार्यक्रमको उद्देश्य :**

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ।

क. दुध उत्पादन क्षेत्रमा व्यावसायिक रुपमा काम गर्न इच्छुक नागरिकलाई आर्थिक अभाव हुन नदिने;

ख. कृषिलाई आधुनिक, व्यावसायिक र औद्योगिक बनाउने;

ग. कृषिको आय वृद्धि, रोजगारी श्रृजना, स्थानीय सरकार मार्फत कृषकलाई प्रेरणा र सहयोग उपलब्ध गराउने;

## परिच्छेद-२

## कार्यक्रम संचालन सम्बन्धी व्यवस्थाः

**४. कार्यक्रम संचालन प्रक्रिया :** दफा ३ का उद्देश्य पूरा गर्नको लागि बौदीकाली गाउँपालिकाबाट देहायका कार्यक्रम संचालन गरिनेछ।

क. वित्तीय वा सहकारी संस्था छनौट तथा गाउँपालिका र वित्तीय वा सहकारी संस्था बीच सम्झौता सहमती वा समझदारी पत्र खडा गर्ने।

ख. कृषि ऋण लिने कृषक छनौट प्रक्रिया।

ग. कृषकको कामको अनुगमन तथा कृषकलाई रकम उपलब्ध गराउने व्यवस्था ।

**५. कार्यक्रम संचालन कार्यविधि :** दफा ४ का कार्यक्रम संचालन गर्न देहायका कार्यविधि पूरा गर्नुपर्नेछ।

५.१ वित्तीय वा सहकारी संस्था छनौट तथा गाउँपालिका र वित्तीय वा सहकारी संस्था बीच सम्झौता सहमती वा समझदारी पत्र खडा गर्ने।

१. गाउँपालिका क्षेत्रमा सेवा उपलब्ध गराउन सक्ने वित्तीय वा सहकारी संस्थाहरुलाई कम्तिमा एक हप्ताको समय उपलब्ध गराई कृषि ऋणको व्याजमा अनुदान कार्यक्रम सम्बन्धमा लिखित प्रस्ताव सहित वार्ता समेत गर्नुपर्नेछ।

२. प्रस्ताव वा वार्तामा सम्झौता अवधिको स्थिर व्याज दर, ऋण उपलब्ध गराउन लाग्ने समय, कस्ता किसिमका सम्पत्तिहरुलाई धितो स्वीकार गर्ने वा बिना धितो ऋण प्रवाह गर्न सक्ने क्षमता आदि विषयमा टुङ्गो लगाउनु पर्नेछ।

३. लिखित प्रस्ताव र वार्ताबाट कुनै एक वित्तीय वा सहकारी संस्थासँग कानुन बमोजिम हुनु पर्ने विषयका साथै निम्न विषयहरु प्रष्ट हुने गरी लिखित सम्झौता, सहमति वा समझदारी पत्र खडा गर्नु पर्नेछ।

अ) ब्याज दर (ब्याज प्रतिशत ) सम्बन्धी :
ब्याजमा दिइने अनुदान बाहेक अन्य कुनै पनि दायित्व गाउँपालिका माथि सिर्जना नहुने सुनिश्चितता गाउँपालिकाबाट कृषि ऋणका लागि छनौट भएका कृषक र प्रत्येक कृषकलाई उपलब्ध गराउन सक्ने रकम समेत उल्लेख गरेको पत्र प्राप्ती पछि मात्र ऋण स्वीकृत गर्ने,

आ) ऋण स्वीकृत भइसकेपछि रकम दिनु पर्ने : ऋण स्वीकृत हुनासाथ गाउँपालिका र साझेदार संस्थाको सिफारिसमा स्वीकृत रकम कृषकको खातामा छनौट भएको वित्तीय संस्था वा सहकारीले पठाउने।

**५.२ सूचना प्रकाशनः** (१) गाउँपालिकाले कार्यक्रम संचालनको लागि अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) प्रस्तावमा निम्न बमोजिम कागजपत्र संलग्न गर्नु पर्दछ।

क. निवेदन

ख. सम्बन्धित वडा कार्यालयको सिफारिस

ग. कृषक आवद्ध साझेदार दुग्ध सहकारीको सिफारिस

घ. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ङ. व्यवसाय सञ्चालन प्रस्ताव(प्रस्तावमा उल्लेख गर्नु पर्ने कुराहरु)

च. ऋणका लागि धितो आवश्यक परेको अवस्थामा धितो राख्ने संभावित घर,जग्गा र अन्य सम्पत्तिको विवरण तथा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

छ. घर, जग्गाको हकमा यदि निवेदकको नाममा नभएको हकमा बुबा,आमा,श्रीमती,श्रीमान र सहोदर दाजुभाईको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि तथा निकट भविष्यमा गर्न लागेको तोकिएको कृषि व्यवसायका लागि लिने ऋणका लागि धितो राख्न मञ्जुर छु भनि दिएको मञ्जुरीनामाको प्रतिलिपि

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि ईच्छुक आवेदकले तोकिएको समयभित्र अनुसूची-२ बमोजिमको कागजातहरू तथा अनुसूची-३ बमोजिमको प्रस्तावना सहितको निवेदन पेश गर्नुपर्नेछ।

**६. कृषक छनौट प्रक्रिया :**

(१) कृषि ऋण लिने कृषक छनौट प्रक्रिया देहाय बमोजिमको कार्यक्रम मूल्याङ्कन तथा छनौट समिति रहने छ।व्यवसायको प्रकृति अनुसार स.सचिवको रुपमा कृषि वा पशुपन्छी विकास शाखाले कार्य गर्न सक्नेछन्।

क. आर्थिक विकास समितिको संयोजक - अध्यक्ष

ख. अध्यक्षले तोकेको गाउँ सभा सदस्य मध्येबाट एक जना सदस्य - सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य

घ. कृषि शाखा प्रमुख - सदस्य

ङ. गाउँपालिकाको सहकारी हेर्ने फोकल व्यक्ति - सदस्य

च. ऋण प्रवाह गर्ने वित्तीय संस्था वा सहकारीको शाखा प्रमुख - सदस्य

छ. गाउँपालिका स्थित साझेदार सहकारी संस्थाको प्रतिनिधि - सदस्य

ज. पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

(२) मूल्याङ्कन तथा छनौट समितिको कार्य देहाय बमोजिम हुनु पर्नेछ।

क) प्राप्त निवेदनहरुको विश्लेषण गर्ने

ख) फिल्ड अनुगमन गर्ने

ग) आवश्यक कागजहरुको परिक्षण गर्ने

घ) सबै मापदण्ड पूरा गरेका कृषि व्यवसायहरु छनौट गर्ने

(३) पेश भएका निवेदन वा प्रस्तावहरू मूल्याङ्कन तथा छनौट समितिले अनुसुची- ४ मा तोकिएको मूल्याङ्कन मापदण्डका आधारमा मूल्याङ्कन गर्नेछ।

(४) मूल्याङ्कन गर्दा बढी अंक प्राप्त गर्ने प्रस्तावहरू वरियताक्रमका आधारमा स्वीकृत बजेटको परिधिभित्र रही छनौट गरिनेछ।

(५) छनौट भएका आवेदकसँग गाउँपालिकाले अनुसूची-५ बमोजिम सम्झौता गर्नेछ।

(६) छनौट भएका आवेदकले गाउँपालिकाले तोकेको अवधिभित्र सम्झौता गर्न नआएमा वा सम्झौता गरी सम्झौता अनुरुप कार्य नगरेमा तरुन्त रद्द गरी बैकल्पिक प्रस्तावकलाई छनौट गर्न सक्नेछ।

(७) दफा ६ को १ बमोजिमको मूल्याङ्कन तथा छनौट दफा ५ को उपदफा ३ बमोजिमको प्रस्तावको आधारमा छनौट गर्नु पर्दछ।यसै छनौट समितिको निर्णय बमोजिम गाउँपालिकाले कृषक र प्रत्येक कृषकले पाउन सक्ने ऋण रकम समेत उल्लेख गरी दफा ५ को (क) बमोजिम छनौट भएको वित्तीय संस्थालाई पत्र पठाउनु पर्दछ।

**७. ऋण प्रवाह गर्ने संस्थाको छनौट र ऋण प्रवाहः** १) वित्तिय वा सहकारी संस्थाको छनौटको लागि अनुसूची- १ (ख) बमोजिम सूचना प्रकाशन गरिनेछ।

२) उपदफा (१) बमोजिमको सूचना अनुसार इच्छुक वित्तीय वा सहकारी संस्थाले सूचनामा भनिए अनुसार अनुसूची-६ बमोजिम आवेदन पेश गर्नुपर्नेछ। प्रतिस्पर्धाको आधारमा वित्तीय वा सहकारी संस्थाको छनौट गरिनेछ।

**८. ऋण प्रवाह गर्ने संस्थाको काम, कर्तव्य र अधिकारः** १) यस कार्यविधि कार्यान्वयनको लागि ऋण प्रवाह गर्ने संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको निर्देशन साथै गाउँपालिकासंगको सम्झौता बमोजिम कार्यान्वयन गर्नुपर्नेछ।

२) ऋणको प्रकार, उद्देश्य, लगानी रकम, जोखिमको स्तर एवं आवश्यकता अनुसार सदुपयोगिता निरिक्षण गर्ने।

**९. कृषि व्यवसायको अनुगमन र कृषकको खातामा रकम पठाउने व्यवस्था :**

(१) कृषि व्यवसायको अनुगमन र कृषकको खातामा रकम पठाउने व्यवस्थाका लागि देहाय बमोजिमको अनुगमन समिति रहने छ।

क) उप-प्रमुख - संयोजक

ख) आर्थिक विकास समितिको सदस्यमध्ये आर्थिक विकास समितिले तोकेको एक जना - सदस्य

ग) कृषि शाखा प्रमुख वा प्रतिनिधि - सदस्य

घ) पशुसेवा शाखा वा प्रतिनिधि - सदस्य

ङ) गाउँपालिका सहकारी संस्था हेर्ने फोकल व्यक्तिः सदस्य

(२) अनुगमन समितिको निर्णय बमोजिम कुनै दुई सदस्यबाट अनुगमान भई प्रतिवेदन दिन सकिने छ।

(३) कृषकले अनुगमन गरिपाउँ भनि दिएको निवेदनको मितिले ७ (सात) दिन भित्र अनुगमन प्रतिवेदन दिनु पर्नेछ।

(४) अनुगमन समितिले काम सम्पन्न भएको भनि लिखित प्रतिवेदन दिए पश्चात दफा ५ (क) उपदफा ३ को व्यवस्था अनुसार वित्तीय संस्था वा सहकारीले सबै रकम कृषकलाई उपलब्ध गराउन पत्र पठाउनु पर्दछ।

(५) अनुगमन समितिको प्रतिवेदन प्राप्त भए पश्चात दुग्ध उत्पादक सहकारी संस्थाले कृषकको खाता नं. सहित व्याज अनुदान कृषकको खातामा जम्मा गर्ने सिफारिस गरेपछी कार्यालयले निर्णय गरी व्याज अनुदान सोजै कृषकको खातामा जम्मा गर्नेछ।

(६) अनुगमन समितिको प्रतिवेदन बाहेक कृषकले कुनै किसिमको अन्य मूल्यांकन, विल, भरपाई पेश गर्नु पर्नेछ।

**१०. कृषि व्यवसाय निर्देशक समिति रहनेः**

कृषि व्यवसायको लागि ऋण प्रवाह, कृषि व्यवसाय सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा मुल्याङ्कन तथा छनौट समितिको कामको अनुगमन मूल्यांकन गरी निर्देशन दिन देहाय बमोजिमको एक निर्देशन समिति रहने छ।

क. गाउँपालिका अध्यक्ष - संयोजक

ख. गाउँपालिका उपाध्यक्ष - सदस्य
ग. सम्बन्धित वडाका वडाध्यक्ष - सदस्य
घ. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको रा.प.तृतीय श्रेणीको कर्मचारी - सदस्य सचिव

## परिच्छेद-३

## विविध

**११. बिमा सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिम ऋण लिने आवेदकले अनिवार्य रूपमा बिमा गर्नुपर्नेछ।

**१२. बाधा अड्काउ फुकाउनेः** कार्यक्रम संचालनका क्रममा यस कार्यविधिले सम्बोधन नगरेका विषयहरु उत्पन्न भएमा बाधा अड्काउ र फुकाउको लागि आवश्यक निर्णय गर्ने अधिकार निर्देशन समितिलाई दिइनेछ ।

**१३. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा भएको व्यवस्था यसै कार्यविधि बमोजिम र अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

**१४. असुल उपर हुनेः** यस कार्यविधि बमोजिम कृषि ऋणको व्याजमा अनुदान कार्यक्रम प्राप्त गर्ने उद्देश्यले झुटा विवरण पेश गरेको वा व्याज अनुदान दुरूपयोग गरेको प्रमाणित भएमा प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

**१५. कार्यविधिमा संशोधन :** गाउँपालिकाले कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ। तर यस कार्यविधिमा रहेका अनुसूची उपर गाउँपालिका अध्यक्षले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछन्।

## अनुसूची - १

### स्थानीय तहले प्रकाशन गर्ने सूचनाको ढाचाँ

...... पटक सूचना प्रकाशित मितिः २०७.../.../...

बौदीकाली गाउँपालिका, नवलपरासी (ब.सु.पू.) को आ.व. २०७ / को स्वीकृत कार्यक्रम अनुसार तपसिल कार्यक्रमहरु संचालन गर्न ईच्छुक कृषक/फर्म/कम्पनीहरुले यस सूचना प्रकाशन भएको मितिले ....... दिन (मितिः २०७ / ) कार्यालय समयभित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न गरी बौदीकाली गाउँपालिका कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.स. | कार्यक्रमको नाम | अधिक्तम अनुदान सहयोग | बजेट (रू.) | मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

आवश्यक कागजातहरूः

क. निवेदन

ख. सम्बन्धित वडा कार्यालयको सिफारिस

ग. कृषक आवद्ध साझेदार दुग्ध सहकारीको सिफारिस

घ. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ङ. व्यवसाय सञ्चालन प्रस्ताव(प्रस्तावमा उल्लेख गर्नु पर्ने कुराहरु)

च. अनुभव, तालिम

छ. आगामी ५ वर्षको अनुमानित आय व्यय मूल्याङ्कन विवरण

ज. रोजगारी सिर्जना हुन सक्ने सम्भावनाको स्थिति

झ. ऋणका लागि धितो आवश्यक परेको अवस्थामा धितो राख्ने संभावित घर,जग्गा र अन्य सम्पत्तिको विवरण तथा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

ञ. घर, जग्गाको हकमा यदि निवेदकको नाममा नभएको हकमा बुबा,आमा,श्रीमती,श्रीमान र सहोदर दाजुभाईको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि तथा निकट भविष्यमा गर्न लागेको तोकिएको कृषि व्यवसायका लागि लिने ऋणका लागि धितो राख्न मञ्जुर छु भनि दिएको मञ्जुरीनामाको प्रतिलिपि

ट. नयाँ व्यवसायको सम्बन्धमा व्यावसायिक कार्ययोजना ।

(**द्रष्टव्यः** कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले प्रस्तावको ढाँचा तयार गर्न सक्नेछ।)

(कर्जा उपलब्ध गराउने सम्बन्धी सूचना)

**कृषि ऋणको व्याज अनुदान कार्यक्रमको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना !!**

**प्रथप पटक प्रकाशित मितिः ....**

बौदीकाली गाउँपालिका, नवलपरासी (ब.सु.पू.) को आ.व. २० / को स्वीकृत कार्यक्रम अनुसार वित्तिय वा सहकारी संस्थाहरुले यस सूचना प्रकाशन भएको मितिले ....... दिन (मितिः २० / गते) कार्यालय समयभित्र

आवश्यक कागजातहरू सहित आफूले उपलब्ध गराउने अवधिको स्थिर व्याज दर, ऋण उपलब्ध गराउन लाग्ने समय, कस्ता किसिमका सम्पत्तिहरुलाई धितो स्वीकार गर्ने वा बिना धितो ऋण प्रवाह गर्न सक्ने क्षमता आदि विवरण खुलाई गोप्य सिलबन्दी रूपमा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

थप जानकारीको लागिः

## अनुसूची - २

## कृषि ऋणको व्याज अनुदान कार्यक्रमको लागि पेश गर्ने निवेदनको ढाँचा

मितिः ..................

**श्री बौदीकाली गाउँपालिका,**

**डेढगाउँ, नवलपरासी (ब.सु.पू)**

**विषयः अनुदान उपलब्ध गराइ दिनहुन।**

प्रस्तुत विषयमा यस बौदीकाली गाउँपालिकाको कार्यालयबाट मिति .............. मा प्रकाशित सूचना बमोजिम यस बौदीकाली गाउँपालिका वडा नं. ......... मा अवस्थित/बस्ने .................................. कृषक/फर्म/समूह/सहकारी/संस्था/कम्पनीले कृषि ऋणको व्याजमा अनुदान कार्यक्रमको लागि अनुदान सहयोग उपलब्ध गराई दिनुहुन गर्दछु/गर्दछौ। प्रस्तवना सहित आवश्यक कागजात यसैसाथ पेश गरेको/गरेका छु/छौं।

निवेदकः

नामः

हस्ताक्षरः

सम्पर्क नं.

मितिः

**पेश गरिएका कागजातहरुः**

क. निवेदन

ख. सम्बन्धित वडा कार्यालयको सिफारिस

ग. कृषक आवद्ध साझेदार दुग्ध सहकारीको सिफारिस

घ. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ङ. व्यवसाय सञ्चालन प्रस्ताव(प्रस्तावमा उल्लेख गर्नु पर्ने कुराहरु)

च. अनुभव, तालिम

छ. आगामी ५ वर्षको अनुमानित आय व्यय मूल्याङ्कन विवरण

ज. रोजगारी सिर्जना हुन सक्ने सम्भावनाको स्थिति

झ. ऋणका लागि धितो आवश्यक परेको अवस्थामा धितो राख्ने संभावित घर,जग्गा र अन्य सम्पत्तिको विवरण तथा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

ञ. घर, जग्गाको हकमा यदि निवेदकको नाममा नभएको हकमा बुबा,आमा,श्रीमती,श्रीमान र सहोदर दाजुभाईको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि तथा निकट भविष्यमा गर्न लागेको तोकिएको कृषि व्यवसायका लागि लिने ऋणका लागि धितो राख्न मञ्जुर छु भनि दिएको मञ्जुरीनामाको प्रतिलिपि

ट. नयाँ व्यवसायको सम्बन्धमा व्यावसायिक कार्ययोजना ।

## अनुसूची - ३

## कृषि ऋणको व्याजमा अनुदान कार्यक्रमको लागि पेश गर्ने प्रस्तावको ढांचा

क) आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम संचालन गरिने स्थानको ठेगानाः | प्रोपाईटर/अध्यक्षको नाम : |
| सम्पर्क व्यक्ति :<br>सम्पर्क नं : | संलग्न हुने कृषक घरधुरी संख्याः<br>घर परिवार संख्याः |

ख) कार्यक्रमको उद्धेश्यः

ग) कार्यक्रम सम्बन्धी विवरणः

| क्र.स. | हाल रहेको पशु संख्या | हालको उत्पादन (लि.) | कार्यक्रम संचालनबाट थप हुने पशु संख्या | कार्यक्रम संचालनबाट थप हुने उत्पादन (लि.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

माग गरेको पशुसंख्याः जम्मा ........ गाई........ भैसी ........

ग) व्यवसायिक योजनाः

- बजार योजना (कहाँ लगेर कसरी बेचबिखन गर्ने बारे उल्लेख गर्नुहोस्)
- व्यवस्थापन योजना (कामदार वा कर्मचारी सम्बन्धी उल्लेख गर्नुहोस्)
- नविनतम् सोच (व्यवसाय सम्बन्धी कुनै नयाँ सोच प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस्)
- लागत बजेटः कुल माग गरेको रकम?
  व्याज अनुदान माग गरेको समय?
  लगानी उठाउन लाग्ने अनुमानित समय?
- लागानीको दीगोपना (दिर्घकालसम्म योजना निरन्तरता दिने सुनिश्चतता)
- अनुभव, तालिम (कृषि वा पशुपालन सम्बन्धी तालिम लिएको भएमा उल्लेख गर्ने)
- आगामी ५ वर्षको अनुमानित आय व्ययको विवरण
- रोजगारी सिर्जना हुन सक्ने सम्भावनाको स्थिति
- ऋणका लागि धितो आवश्यक परेको अवस्थामा धितो राख्ने संभावित घर,जग्गा र अन्य सम्पत्तिको विवरण तथा जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

- घर, जग्गाको हकमा यदि निवेदकको नाममा नभएको हकमा बुबा, आमा, श्रीमती, श्रीमान र सहोदर दाजुभाईको जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि तथा निकट भविष्यमा गर्न लागेको तोकिएको कृषि व्यवसायका लागि लिने ऋणका लागि धितो राख्न मञ्जुर छु भनि दिएको मञ्जुरीनामाको प्रतिलिपि

## अनुसूची - ४

### मूल्याङ्कनका आधारहरू

मूल्याङ्कनको आधारहरु कार्यक्रमको प्रकृति अनुसार फरक हुन सक्नेछ। सो आधारहरु कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्डमा निर्धारण गर्न सकिनेछ। सामान्यतय तपशिलको बमोजिमको मूल्याङ्कनको आधार मानिनेछ।

तपशिलः

निवेदकको नामः

ठेगानाः

| मूल्यांकनका आधारहरु | अधिक्तम अंक | प्रासाकं | कैफियत |
|---|---|---|---|
| प्रस्तावना र रोजगारी सृजना | २० | | |
| आवश्यक न्यूनतम मापदण्ड र प्रकृया | २० | | |
| आवश्यक न्यूनतम मापदण्ड | २० | | |
| लक्षित क्षेत्र र वर्ग | २० | | |
| नविनतम् प्रविधि अवलम्बन र प्रसार | २० | | |

**द्रष्टव्यः** कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित शाखाले मूल्याङ्कनको आधारहरु मापदण्ड बनाइ तयार गर्न सक्नेछ।

## अनुसूची - ५

## सम्झौता पत्र

चालु आ.व. .......... को स्वीकृत कार्यक्रम अनुसार कृषि ऋणमा व्याज अनुदान कार्यक्रमको लागि यस बौदीकाली गाउँपालिकाको कार्यालय (यसपछि पहिलो पक्ष भनिने) र नवलपरासी (ब.सु.पू.) जिल्ला बौदीकाली गा.पा. वडा नं. ........ मा अवस्थित ............................ (यस पछि दोश्रो पक्ष भनिने) का बीच तपशिल बमोजिमका शर्तहरु पालना गर्ने गरी दुबै पक्षको राजी खुशीले यो सझौता–पत्रमा हस्ताक्षर गरी एक/एक लियौं/दियौं।

ईति सम्बत् ............ साल ........... महिना .............. गते रोज ............ शुभम् ।

**तपसिल**

१. यो सम्झौता भएको मितिबाट तुरुन्त लागू हुनेछ । सोही अनुसार दोश्रो पक्षले तत्काल कार्य प्रारम्भ गर्नु पर्नेछ। तर ऋणको व्याज अनुदान ऋण रकम स्वीकृत भएको मितिबाट भुक्तानी गरिनेछ।

२. प्रथम पक्षले दोश्रो पक्षलाई कार्य प्रगतीको आधारमा दुग्ध उत्पादक सहकारीको सिफारिसमा ३ महिनाको अवधिमा व्याज अनुदानको रकम साझेदार दुग्ध उत्पादक सहकारी संस्थाको खातामा उपलब्ध गराउने छ।

३. व्याज अनुदान रकम भुक्तानी गर्दा अनुगमन समितिको प्रतिवेदन सहितको आधारमा रकम भुक्तानी गरिनेछ। दोस्रो पक्षले कार्य गर्दा सम्बन्धित शाखाको निर्देशन अनुसार कार्य गर्नुपर्नेछ।

४. व्याज अनुदानको सिमा अधिकतम २४ महिनाको हुनेछ।

५. व्याज दर स्थिर ( ........ प्रतिशत) रहनेछ।

६. दोस्रो पक्षले ............................. वित्तिय संस्था वा सहकारीबाट मात्र ऋण लिएमा व्याजमा अनुदान रकम प्रथम पक्षले उपलब्ध गराउने छ। अन्यथा दोस्रो पक्षले व्याज अनुदान रकम उपलब्ध गराउन बाध्य हुने छैन।

७. वित्तीय संस्था वा सहकारीबाट प्राप्त ऋणको नियमित किस्ता तिर्ने कुराको सुनिश्चितता दोस्रो पक्षले गर्नुपर्ने छ।किस्ता नतिरेको अथवा अनुदान दुरुपयोग गरेको अवस्थामा गाउँपालिकाबाट दिइने सम्पूर्ण सेवा सुविधा रोक्न सक्नेछ । दुरुपयोग भएमा सरकारी बाँकी सरह नियमानुसार असुल उपर गरिनेछ ।

८. दोस्रो पक्षले अनिवार्य पशु बिमा गर्नुपर्नेछ। नगरेको हकमा बिमा नगरेको पशुको ब्याज अनुदान उपलब्ध गराउन बाध्य हुनेछैन ।

९. दुधालु पशु थाक्ने समय (Drought Period) मा किसानको तर्फबाट बैंक किस्ता तिर्नको लागि दुग्ध सहकारी संस्थाले सहजीकरण गर्नुपर्नेछ ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नाम, थर : | नाम,थर : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मितिः | मितिः |

रोहवर/साक्षी

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नाम, थर : | नाम,थर : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत |
| मितिः | मितिः |

**द्रष्टव्यः** कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित प्रथम पक्षले सम्झौताका बुदाँ थपघट गर्न सक्नेछन्।

## अनुसूची - ६

### ऋण प्रवाह गर्ने संस्थाले पेश गर्ने पत्रको नमूना

मितिः................

**श्री बौदीकाली गाउँपालिकाको कार्यालय,**

**डेढगाउँ, नवलपरासी (ब.सु.पू.)।**

**विषयः ऋणको लागि उपलब्ध गराउन सक्ने व्याजदरको विवरण सम्बन्धमा।**

प्रस्तुत विषयमा तहाँ गाउँपालिकाबाट मिति २०.../.../.... गते प्रकाशित सूचनाको आधारमा तहाँबाट प्रदान गरिने ऋणमा प्रचलित नियमानुसार तपशिल बमोजिमको व्याजदरमा प्रदान गर्न सकिने व्यहोरा अनुरोध छ।

ऋण प्रवाह गर्ने संस्थाकोः

नामः ..............

ठेगानाः ............

छापः ..................

**तपशिलः**

(सम्झौता अवधिको स्थिर व्याज दर, ऋण उपलब्ध गराउन लाग्ने समय, कस्ता किसिमका सम्पत्तिहरुलाई धितो स्वीकार गर्ने वा बिना धितो ऋण प्रवाह गर्न सक्ने क्षमता आदी विषयमा सम्पुर्ण विवरण उल्लेख गर्ने।)

## अनुसूची - ७

## प्रतिवद्धता पत्र

यस बौदीकाली गाउँकार्यपालिकाको कार्यालय नवलपरासी (ब.सु.पू.) बाट मिति ......................... को सूचना मार्फत ........................................................................................................ कार्यक्रम सञ्चालनका लागि कार्ययोजना सहितको निवेदन पेश गरेको छू/छौं। उक्त कार्ययोजनमा उल्लेख भए बमोजिमको कार्य अनुदानको रकम पश्चात पनि निरन्तरता दिनेछु/दिनेछौं। कार्ययोजना अनुसार कार्य नगरेमा वा बन्द गरेमा बौदीकाली गाउँपालिकाबाट अनुदानमा प्राप्त रकम फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं अन्यथा ऐन कानुन बमोजिम सँहुला/बुझाउँला।

इति सम्बत २०......./......./......... गते रोज .......... शुभम्।

नामः

पदः

हस्ताक्षरः

सम्पर्क नं.

संस्थाको छापः

मितिः

| दायाँ | बायाँ |
| --- | --- |
| | |

## अनुसूची- ८

## व्याज अनुदान दिने सर्तहरु

**अनुदान प्राप्त गर्ने अधिकतम् मापदण्ड**

१. दुधालु पशु संख्याः ५

२. अनुदानको समय अवधिः २४ महिना

३. व्याज प्रतिशतः ९०%

४. ऋण बापत प्राप्त गर्न सक्ने रकमः गाईः रू. १००००० को दरले भैसीः रू. १४००००० को दरले

५. दुध विक्रिको मापदण्डः

| क्र.स. | दुधालु पशु | दुधालु पशु संख्या | दैनिक बिक्री परमाण (लि.) | कैफियत |
|---|---|---|---|---|
| १. | गाई | १ | ६ | |
| | | २ | १२ | |
| | | ३ | १८ | |
| | | ४ | २४ | |
| | | ५ | ३० | |
| २. | भैसी | १ | ४ | |
| | | २ | ४ | |
| | | ३ | १२ | |
| | | ४ | १६ | |
| | | ५ | २० | |

६. दुधालु पशु थाक्ने समय (Drought Period) मा किसानको तर्फबाट बैंक किस्ता तिर्नको लागि दुग्ध सहकारी संस्थाले सहजीकरण गर्नुपर्नेछ ।

७. किस्ता नतिरेको अथवा अनुदान दुरुपयोग गरेको अवस्थामा गाउँपालिकाबाट दिइने सम्पूर्ण सेवा सुविधा रोक्न सक्नेछ । दुरुपयोग भएमा सरकारी बाँकी सरह नियमानुसार असुल उपर गरिनेछ ।

८. किसानले पशु बिमा नगरेको हकमा बिमा नगरेको पशुको ब्याज अनुदान उपलब्ध गराउन बाध्य हुनेछैन ।

९. यस कार्यविधि बमोजिम सेवा सुविधा लिनको लागि दुग्ध सहकारीमा अनिवार्य आवद्ध हुनुपर्नेछ ।

**अनुसूची - ९**

**योजना सम्पन्न भए पश्चात गरिने अनुगमनको प्रयोग गरिने अनुगमनको ढाचाँ**

अनुगमन मिति ..................

१. कार्यक्रमको नामः ..........................................................................................

२. कृषक/समूह/सहकारी/संस्थाको नामः ..........................................................................

३. ठेगानाः ..........................

४. सम्झौता मितिः .............

५. योजना सम्पन्न मितिः ...............

६. कुल सौझाता रकम रू. ...........

७. कार्यालयको तर्फबाट प्रदान गरिएको व्याजमा ऋण अनुदान रू. ................

८. अनुदानग्राहीले लिएको ऋण रकम रू. ...................

९. सम्झौता अनुसारको क्रियाकलापः

| क.सं. | विवरण/क्रियाकलाप | ईकाई | सम्झौता अनुसार पशुको परिमाण | अनुगमनको क्रममा प्राप्त परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

१०. अनुगमनकर्ताको टिप्पणी, सुझाव र निर्देशनः

अनुगमन गर्ने पदाधिकारीहरुः

क. नामः ....................... पदः .................. दस्तखतः .................

ख. नामः ....................... पदः .................. दस्तखतः .................

ग. नामः ....................... पदः .................. दस्तखतः .................

घ. नामः ........................ पदः .................. दस्तखतः ..................

ङ. नामः ........................ पदः .................. दस्तखतः ..................

च. नामः ........................ पदः .................. दस्तखतः ..................

**द्रष्टव्यः** कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार यस ढाँचालाई आधार मानी गाउँपालिकाले अनुगमनको ढाचाँमा थपघट गर्न सक्नेछन्।

**प्रमाणीकरण मिति : २०८०/०५/२४**

आज्ञाले,
उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका